राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY

१७ औं वार्षिकोत्सव





विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०



वर्ष-१७ ।। अङ्क : ११ ।। २०८१ माघ २६ गते शनिबार (8th Feb 2025 Saturday) **Pratidin** National Daily मूल्य-रु.५/-


# झापामा सशस्त्र प्रहरीको चारवटा कार्यालय भवनको एकैसाथ उद्घाटन

झापा(प्रस) ।झापामा सशस्त्र प्रहरीको चार वटा कार्यालय भवनको शुक्रबार एक समारोहका बीच उदघाटन भएको छ।

सशस्त्र प्रहरी बल नेपाल नम्बर २ गण हेडक्वाटर झापाले प्रस्तावित सीमा सुरक्षा गुल्म भद्रपुरमा आयोजना गरिएको समारोहमा सशस्त्र प्रहरी बल नेपाल बराह बाहिनी मुख्यालय सुनसरीका बाहिनीपति तथा डीआइजी शम्भु सुवेदीले एकसाथ चारवटा कार्यालय तथा ब्यारेकको उद्घाटन गरेका हुन्।

डीआइजी सुवेदीले प्रस्तावित सीमा सुरक्षा गुल्म भद्रपुर, काँकडभिट्टा, बोर्डर आउट पोस्ट ज्यामिरगढी र महेशपुरको नवनिर्मित भवन उद्घाटन गरे।

एद्घाटन कार्यक्रममा बोल्दै डीआइजी सुवेदीले अन्तर्राष्ट्रिय सीमाको निगरानी र सीमावासीको सुरक्षाका लागि कोशी प्रदेशका ४८ वटा बोर्डर आउट पोस्टले ६८९.३ किलोमिटर सीमाको रक्षा गरिरहेको बताए । खुल्ला सीमाना र भौगोलिक बनावट कारण सीमा सुरक्षामा चुनौती रहेको बताउँदै डीआइजी सुवेदीले भने, 'यति हुँदाहुँदै पनि पर्याप्त कार्यादेश, सङ्गठनको मान्यता र नेपाल सरकारको निर्देशनको पालना गरी काम गरिरहेका छौं।'

बोर्डर सुरक्षाको पहिलो जिम्मा बोर्डरमा बसोबास गर्ने नागरिककै हो। सशस्त्र प्रहरीले उनीहरूसँगै समन्वय र सहकार्यमा काम गर्नुपर्ने हुन्छ। पछिल्लो समयमा सशस्त्र प्रहरीले भन्सार र राजश्व प्रशासनसँगको सहकार्य र समन्वयमा भन्सार चुहावट तथा नियन्त्रण सम्बन्धी काम गरिरहेको उनले बताए। साथै सीमावासीको सुरक्षाका निम्ति सुरक्षित सीमा, सुरक्षित जीवन नामक कार्यक्रम पनि सशस्त्र प्रहरीले सञ्चालन गरिरहेको उनको भनाई छ।

पूर्वी नाका काँकडभिट्टामा सशस्त्र प्रहरीले मेचीनगर नगरपालिका-६ स्थित हिन्दु धर्म सनातन सेवा समितिको स्वामित्वमा रहेको विश्वनाथ शिवालय मन्दिरको धर्मशालाको भवन भाडामा लिएर कार्यालय सञ्चालन गर्दै आइरहेको थियो । २०६१ कार्तिक १ गते सीमा सुरक्षा पोस्टको रुपमा स्थापित भई २०६९ कार्तिक ११ गतेदेखि राजश्व भन्सार तथा औद्योगिक सुरक्षा गुल्मको रुपमा स्तरोन्नति भई २०७७ असार २९ गते सशस्त्र प्रहरी बल नेपाल नम्बर ८ गुल्म हेक्वा (राजश्व तथा भन्सार गस्ती सुरक्षा) हुँदै २०७९ फागुन १८ गतेदेखि प्रस्तावित सीमा सुरक्षा गुल्मको रुपमा रहेको छ।



गुल्म सञ्चालनका लागि मेचीनगर-७ गैरीगाउँमा ९ कट्ठा २ धुर जग्गा खरिद गरी १ करोड ३९ लाख ९ हजार ४२६ रुपैयाँमा एमआर कन्स्ट्रक्सन महोत्तरीसँग ठेक्का सम्झौतामा गरी नयाँ भवन निर्माण गरिएको छ। त्यस्तै भद्रपुर बोर्डर आउट पोस्ट २०७७ माघ १८ गतेदेखि भद्रपुर नगरपालिका-४ शान्तिटोल स्थित भद्रपुर सेवा समाजद्वारा निर्मित चारकोठे मलामी विश्रामालयको भवनमा स्थापना भएको थियो।

२०७९ चैत १९ गतेदेखि प्रस्तावित सीमा सुरक्षा गुल्मको रुपमा स्तरोन्नति भएपछि भद्रपुर नगरपालिका-५ स्थित देवीबस्तीमा १० कट्ठा जग्गा खरिद गरी १ करोड ३१ लाख ३७ हजार ३३३ रुपैयाँमा ठाकुर कन्स्ट्रक्सन इनरुवा सुनसरीसँग सम्झौता गरी नयाँ भवन निर्माण गरिएको सशस्त्र प्रहरी बल नेपाल नम्बर २ गण हेटक्वाटर झापाका एसपी कवीन्द्र राईले जानकारी दिए।

स्थानीयको माग बमोजिम बोर्डर आउट पोस्ट ज्यामिरगढी २०७७ असोज २९ गतेका दिन मेचीनगर नगरपालिका-१५ ज्यामिरगढीस्थित बंशल चिया बगानको स्वामित्वमा रहेको जग्गा तथा भवनमा कार्यालय स्थापना गरिएको थियो।

मेचीनगर-१५ स्थित लिम्बु डाँडामा एक बिगाह ऐलानी जग्गा प्राप्त भएपश्चात् १ करोड १३ लाख ८१ हजार ४०३ रुपैयाँमा माङ्गमालुङ्गमा कन्स्ट्रक्सन काठमाडौँसँग सम्झौता गरी नयाँ भवन निर्माण गरिएको हो।

त्यसैगरी बोर्डर आउट पोस्ट महेशपुर भद्रपुर नगरपालिका ३ मेचीपारीस्थित स्थानीय मायाराम महतो र कमलेश्वर महतोले ५ कट्ठा जमिन निःशुल्क उपलब्ध गराई २०७७ फागुन ९ गतेदेखि कार्यालय सञ्चालन हुँदै आइरहेकोमा सोही ठाउँमा ८१ लाख २८ हजार ५५१२ रुपैयाँमा आरएआर कन्स्ट्रक्सन काठमाडौँसँगको ठेक्का सम्झौता भई नयाँ भवन निर्माण गरिएको एसपी राईको भनाइ छ।

कार्यक्रममा बिओपी महेशपुरलाई निःशुल्क जग्गा दिने मायाराम महतो र कमलेश्वर महतोलाई दोसल्ला ओढाएर प्रशंसापत्रले सम्मान गरिएको थियो। त्यसैगरी भवन निर्माण तथा जग्गा प्राप्तिमा सहयोग पुर्याउने भद्रपुर नगरपालिका, मेचीनगर नगरपालिका, सम्बन्धित वडा कार्यालयहरू, निर्माण कम्पनी र सशस्त्र प्रहरी कर्मचारीलाई समेत सम्मान गरिएको थियो।

## सवारी दुर्घटनामा बिर्तामोडकी राईको मृत्यु




झापा(प्रस) । झापाको बिर्तामोडमा सवारी दुर्घटनामा परी एकजना महिलाको मृत्यु भएको छ ।

शुक्रवार बिहान अन्दाजी ५:३० बजे बिर्तामोड नगरपालिका वडा २ चारपानेस्थित पूर्वपश्चिम राजमार्गमा नम्बर नखुलेको सवारी साधनले ठक्कर दिंदा बिर्तामोड ६ जलकन्या बस्ने बर्ष ६५ की चन्द्रकला राईको मृत्यु भएको हो । पैदलयात्रीलाई सवारी साधनले ठक्कर दिई घाइते भई लडिरहेको अवस्थामा स्थानीयले प्रहरीलाई खबर गरेका थिए ।

घाइतेलाई उपचारको लागि प्रादेशिक अस्पताल भद्रपुरतर्फ पठाएकोमा डाक्टरले चेकजाँच गर्दा उनको मृत्यु भइसकेको थियो । ठक्कर दिने सबारी साधनको पहिचान तथा खोजतलास गर्ने कार्य भइरहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ ।

## झापाबाट जाँदै गरेको इभी दुर्घटना एकको मृत्यु, पाँच घाइते

झापा(प्रस) । झापाबाट काठमाडौं जाँदै गरेको यात्रुवाहक विद्युतीय सवारी (इभी) सिन्धुलीमा दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । दुर्घटनामा पाँच जना घाइते छन् । बीपी राजमार्गको सिन्धुलीमाडी-खुर्कोट खयडअन्तर्गत गोलन्जोर गाउँपालिका-५ खनियाँखर्क नजिक इभी दुर्घटना भएको हो । दुर्घटनामा चालक दोलखा गौरीशंकर गाउँपालिकाका अन्दाजी २८ वर्षका सुशन नेपालीको मृत्यु भएको हो । त्यस्तै झापा बाह्रदशी १ बस्ने २७ वर्षीय किस्कु मण्डल, इलाम देउमाई नगरपालिका ८ बस्ने ५३ वर्षीय सनबहादुर तामाङ, मोरङ लेटाङ २ बस्ने ३२ वर्षीया देवी लिम्बू , काठमाडौको कागेश्वरी मनहरा ५ थली बस्ने वर्ष अन्दाजी २८ की स्वेता गिरी र सोही ठाउँका वर्ष अन्दाजी २८ का संजय रोक्का घाइते भएका छन् । घाइतेहरुलाई उपचारका लागि जिल्ला अस्पताल सिन्धुली लगिएको जिल्ला प्रहरी कार्यालय सिन्धुलीका प्रमुख , प्रहरी उपरीक्षक गोविन्दराज काफ्लेले जानकारी दिएका छन् । घाइतेमध्ये दुई जनाको अवस्था गम्भीर रहेको छ । बा १ -०३० च ९६४२ नं को इभी शुक्रवार बिहान ४ बजे दुर्घटना भएको थियो । इभी सडकबाट अन्दाजी चार सय मिटर तल खसेर दुर्घटना भएको प्रहरी उपरीक्षक काफ्लेले बताए ।

# युवती लिएर लजमा बसेका बेस्रा मृत फेला

झापा(प्रस) । युवती लिएर बिर्तामोडको लजमा बसेका झापा हल्दिवारीका एक युवक मृत फेला परेका छन् । गएराति ११ बजे बिर्तामोड -४ स्थित एभरेस्ट होटल एण्ड लजमा युवती लिएर बसेका हल्दिवारी गाउँपालिका वडा न.१ गोलधाप बस्ने ३० वर्षीय सागर बेस्रा मृत फेला परेका हुन् । सुनसरी धरान उप-महानगरपालिका वडा न.१५ घर भई हाल कनकाई नगरपालिका वडा न.७ दुर्गापुरमा बस्दै आएकी बर्ष अन्दाजी २३ की मुना बि.क.संग उनी सो होटलमा बसेका थिए ।राति खाना



खाई सुतेकोमा बेस्रा सुतेको कोठाभित्र बाथरुमको ढोकाको छेउ भुइँमा लडी बेहोस भएका थिए । उनकी साथी मुना बि.क र होटल सञ्चालकले उपचारको लागि बिर्तामोडस्थित बिर्तासिटी अस्पताल लगेकोमा चिकित्सकले चेकजाँच गर्दा मृत्यु भइसकेको थियो । प्रहरीले होटल सञ्चालक बिर्तामोड नगरपालिका ५ बस्ने बर्ष अन्दाजी ४८ की यामकुमारी उप्रेती र मृतकसंग बस्ने मुना बि.क.लाई नियन्त्रणमा लिएको छ । दुवैलाई इलाका प्रहरी कार्यालय बिर्तामोडमा राखी थप अनुसन्धान कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## अर्काकी श्रीमतीसंग अनैतिक क्रियाकलाप गर्ने बस्नेतलाई खुकुरी प्रहार

झापा(प्रस) ।आफ्नै घरभित्र आफ्नै श्रीमतीसंग अनैतिक क्रियाकलाप गरिरहेका व्यक्तिलाई झापा कनकाई १ का प्रकाश कार्कीले खुकुरी प्रहार गरी घाइते बनाएका छन् ।

बिहीवार साँझ ७.३० बजे कन्काई १ बस्ने ४५ वर्षीय प्रकाश कार्कीको घरको कोठाभित्र उनकै श्रीमती अन्दाजी बर्ष ४४ की बिन्दा कार्की र सोही ठाउँ बस्ने अन्दाजी बर्ष ५५ का कुलबहादुर बस्नेतले अनैतिक सम्बन्ध राख्दै गरेको अवस्थामा फेला पारी कार्कीले बस्नेतलाई खुकुरी प्रहार गरेका हुन् ।

टाउकोमा खुकुरी प्रहारबाट बस्नेत घाइते भएका छन् । उनको अबस्था सामान्य रहेको बताइएको छ ।

अस्थायी प्रहरी पोष्ट दुर्गापुरबाट खटिएको टोलीले तीनै जना र बरामद गरेको खुकुरीसहित नियन्त्रणमा लिई अनुसन्धान तथा आवश्यक कार्वाहीको लागि इलाका प्रहरी कार्यालय बिर्तामोडमा बुझाएको प्रहरीले जनाएको छ ।

## सबै उपभोग्य वस्तुको मूल्य बढ्यो

झापा(प्रस) । पछिल्लो पटक दैनिक उपभोग्य वस्तुको भाउ महँगिएको छ । एक वर्षका बिचमा भाउ नमहँगिएको उपभोग्य वस्तु नै छैन । नेपाल खुद्रा व्यापार संघका अनुसार गएको एक वर्षका बिचमा सबैजसो उपभोग्य वस्तुको भाउ औसतमा १५ प्रतिशत महँगिएको छ । संघका उपाध्यक्ष नरेश शाही (खड्गी) ले एक वर्षयताका हरेक उपभोग्य वस्तुको मूल्य विश्लेषण गरेर हेर्दा कुनै १० देखि ४० प्रतिशतसम्म महँगिए पनि औसतमा १५ प्रतिशतसँग महँगो भएको पाइएको जानकारी दिए ।

संघका अनुसार गत माघमा भुटेको तोरीको तेल प्रतिलिटर ३६० रुपियाँ रहेकोमा यो वर्षको माघमा बढेर प्रतिलिटर चार सय रुपियाँमा कारोबार भएको छ । यस्तै काँचो तोरीको तेल प्रतिलिटर ३१०/३२५ रुपियाँ रहेको छ । भटमास र सनफ्लावर तेल प्रतिलिटर दुई सय रुपियाँ रहेकोमा यस पटक बढेर २४५ रुपियाँमा कारोबार भएको छ । त्यसै गरी गहुँ प्रतिकेजी ६० रुपियाँबाट बढेर ७५ रुपियाँ, चिउरा प्रतिकेजी एक सयदेखि १४५ रुपियाँमा पाइएकोमा यस पटक बढेर प्रतिकेजी १२० रुपियाँदेखि १६० मा किनबेच भइरहेको छ । यस अवधिमा दाल, गेडागुडी, आँटा, मैदालगायतको भाउ १० देखि १५ प्रतिशतसम्म महँगिएको संघका उपाध्यक्ष शाहीको भनाइ छ । उपभोक्ता अधिकारकर्मी प्रेमलाल महर्जनले महँगी भएका वस्तुका खाद्यपदार्थको मात्रै चर्चा हुने गरेको तर एक वर्षका बिचमा लत्ताकपडा, भाँडाकुँडा, विद्युतीय सामग्रीलगायतका सबै वस्तुको भाउ बढेको बताए । उनले सरकारसँग बजारमा कुन वस्तुको कति माग हो, कति खपत हुन्छ भन्ने कुनै तथ्याङ्क नभएका कारण बजार केही मुठीभर व्यापारीको नियन्त्रणमा भएकाले उपभोक्ता सधैँ मारमा पर्नुपर्ने अवस्था रहेको बताए ।

नेपाल राष्ट्र बैङ्कले चालु आर्थिक वर्षको छ महिनाको उपभोग्य वस्तुको मूल्यवृद्धि लगातार बढेको तथ्याङ्क सार्वजनिक गरेको छ । मूल्यवृद्धि पुसमा बढेर वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ५.४१ प्रतिशत रहेको राष्ट्र बैङ्कले जनाएको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ५.२६ प्रतिशत थियो । यस अवधिमा खाद्य तथा पेयपदार्थ समूहको मुद्रास्फीति ७.६७ प्रतिशत र गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति ४.१९ प्रतिशत रहेको छ ।

अघिल्लो वर्ष सोही अवधिमा यी समूहको मुद्रास्फीति क्रमशः ५.७५ प्रतिशत र ४.९३ प्रतिशत रहेको


❖ बाँकी अन्तिम पृष्ठमा


# मेचीनगरमा ढक तराजुको परीक्षण

काँकरभिट्टा(प्रस) । मेची उद्योग बाणिज्य संघको आयोजनामा यही माघ २१ गतेदेखि जारी व्यवसायीको नाप तौलको परीक्षण शुक्रवार समापन भएको छ ।

मेची उद्योग बाणिज्य संघको आयोजना र गुणस्तर तथा नापतौल कार्यालय भद्रपुरको सहकार्यमा गत सोमबारदेखि व्यवसायीहरुको नाप्ने र तौल्ने उपकरणको परीक्षण, जाँच, नवीकरण, अनुमतिपत्र वितरण र अनुगमन कार्य शुरु भएको थियो ।

मेची उद्योग बाणिज्य संघका अध्यक्ष



खेमराज प्रसाईले मेचीनगरका १०९ जना व्यवसायीले सदस्यता नवीकरण गरेको जानकारी दिए । त्यस्तै १८९ जना व्यवसायीहरुले काँटा, ढक, लिटर, मिटर जाँच गरेर नवीकरण, नयाँ दर्ता र अनुमतिपत्र लिएको उनले बताए ।

गत वर्षभन्दा १७ प्रतिशत बढी व्यवसायीहरुले नाप तौलको परीक्षण र सदस्यता नवीकरण गरेको उनको भनाई छ । गुणस्तर तथा नापतौल कार्यालय भद्रपुरबाट खटिएको डोर टोलीमा कार्यालयका सहायक निरीक्षक अमितकुमार कर्ण, सीमीद्वय विजयनन्द चौधरी र अञ्जिता रेग्मी, कार्यालय सहायक पुना घिमिरे तथा संघका कार्यसमिति र कर्मचारीहरु डोर टोलीमा खटिएका थिए ।

नाप तौलको परीक्षणको पहिलो दिन मेचीनगर-६, काँकरभिट्टास्थित होटल दुवईल्याण्ड परिसरमा आयोजना गरिएको थियो ।

दोस्रो दिन मेचीनगर-७, इटाभट्टास्थित उत्तम किराना पसल छेउमा, तेस्रो दिन संघको सचिवालय धुलाबारी, चौँथो दिन धाइजन मोडस्थित अधिकारी एग्रो भेट्स छेउ र पाँचौं दिन शुक्रवार चारआली पूर्व बसस्टेण्ड मंगलदीप सप्लायर्स छेउमा व्यवसायीहरुको नाप तौलको परीक्षण गरिएको संघका कार्यकारी निर्देशक गोपाल बस्नेतले बताए ।

# अन्तरपालिका महिला फुटबल प्रतियोगिताको तयारी पुरा



बिर्तामोड(प्रस) । झापाको बिर्तामोड भोलिदेखि सुरु हुने अन्तरपालिका महिला फुटबल प्रतियोगिताको सम्पूर्ण तयारी पुरा भएको छ । नगर खेलकुद विकास समिति बिर्तामोडले आज शनिवारदेखि फागुन ५ गतेसम्म सञ्चालन गर्ने प्रतियोगिताको तयारी पुरा भएको जनाएको हो।

नगर खेलकुद विकास समितिका अध्यक्ष विकास गिरीले पहिलोपटक महिलाहरूका लागि फुटबल प्रतियोगिता आयोजना गरिएको जानकारी दिए । उनका अनुसार प्रतियोगिताको उद्घाटन प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले गर्ने कार्यक्रम छ । पहिलो दिनको खेलमा बुद्धशान्ति र बिर्तामोडबीच प्रतिष्पर्धा हुने जनाईएको छ ।

प्रतियोगिताको विजेताले ३ लाख रुपैयाँ र उपविजेताले १ लाख ५० हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने अध्यक्ष गिरीले जानकारी दिए ।

प्रतियोगिता उद्घाटनमा क्रिकेट जित्ने पालिकाका खेलाडीहरुलाई ५० हजार नगदसहित पुरस्कृत गरिने क्रिकेट संयोजक विशाल अग्रवालले जानकारी दिए। खेलकुद विकास समितिका सचिव विसन लिम्बूका अनुसार डोमालाल राजवंशी रंगशालामा आयोजना गरिएको प्रतियोगितामा १० वटा पालिकाहरूको सहभागिता रहने छ । महिला फुटवल प्रतियोगिता आयोजना गर्न ३४ लाख खर्च लाग्ने अनुमान गरिएको छ । प्रतियोगिता सञ्चालनका लागि प्यारापिट र मैदान तयार भइसकेको जनाइएको छ ।


## आवश्यकता

एकजना अनुभवी एकाउन्टेन्ट (Accountant) कर्मचारीको आवश्यकता भएकोले तु-सम्पर्क गर्नुहोला ।

सम्पर्क:
**बिर्ता बाईक एसेसरिज**
बिर्तामोड, झापा
९८०४९७१०३४









**सबै...**

थियो । खाद्य तथा पेयपदार्थ समूह अन्तर्गत तरकारी उपसमूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क २८.५२ प्रतिशत, घिउ तथा तेलको १०.६७ प्रतिशत, दाल तथा गेडागुडीको ९.४८ प्रतिशत र खाद्य तथा खाद्यजन्य पदार्थको ७.२३ प्रतिशतले बढेको छ भने मरमसला उपसमूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क ३.१२ प्रतिशतले घटेको छ ।

प्रदेशगत रूपमा समीक्षा महिनामा कोशी प्रदेशको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ६.७३ प्रतिशत, मधेश प्रदेशको ५.९६ प्रतिशत, बागमती प्रदेशको ५.१४ प्रतिशत, गण्डकी प्रदेशको ४.३७ प्रतिशत, लुम्बिनी प्रदेशको ४.८३ प्रतिशत, कर्णाली प्रदेशको ४.६० प्रतिशत र सुदूरपश्चिम प्रदेशको ५.६७ प्रतिशत रहेको छ । काठमाडौँ उपत्यकाको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ५.३ प्रतिशत, तराईको ५.६० प्रतिशत, पहाडको ५.४१ प्रतिशत र हिमालको ५.२७ प्रतिशत रहेको छ ।





## संस्थाको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति-२०८१/१०/२६

कम्पनी ऐन २०६३ अनुसार यस प्रा.लि. को मिति २०८१/१०/०७ गतेको विशेष साधारण सभाको निर्णय बमोजिम साबिकको हिमरेश एजुकेसन फाउन्डेसन प्रा.लि. को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु बेहोर्नु पर्ने ऋण , धनका सम्पूर्ण दायित्व आदि परिवर्तित नामको संस्थाले सकार्ने गरि श्री कम्पनी रजिष्टारको कार्यालयको मिति २०८१/१०/२० को निर्णय अनुसार संस्थाको नाम परिवर्तन गरि स्टार लाइट एजुकेसन फाउन्डेसन प्रा.लि. कायम गरिएको ब्यहोरा सम्पूर्णमा यसै सूचनामार्फत जानकारी गराइन्छ ।

## संस्थाको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति-२०८१/१०/२६

कम्पनी ऐन २०६३ अनुसार यस प्रा.लि. को मिति २०८१/०९/२९ गतेको विशेष साधारण सभाको निर्णय बमोजिम साबिकको केन्ट एकाडेमी प्रा.लि. को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु बेहोर्नु पर्ने ऋण , धनका सम्पूर्ण दायित्व आदि परिवर्तित नामको संस्थाले सकार्ने गरी श्री कम्पनी रजिष्टारको कार्यालयको मिति २०८१/१०/०६ को निर्णय अनुसार संस्थाको नाम परिवर्तन गरी पाथिभरा ज्ञान कुन्ज इङ्गलिश बोर्डिङ स्कुल प्रा.लि. कायम गरिएको ब्यहोरा सम्पूर्णमा यसै सूचनामार्फत जानकारी गराइन्छ ।


# श्री ग्रासल्याण्ड एग्रो फर्म प्रा.लि.

कचनकवल गा.पा.6, झापा

## लबन्दी दररेट पेश गर्ने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति-2081/10/26

प्रस्तुत विषयमा यस ग्रासल्याण्ड एग्रो फर्म प्रा.लि., कचनकवल गा.पा.-6, झापा र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, झापा बिच भएको सम्झौता अनुसार यस समूहले संचालन गर्ने जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रिकरण कार्यक्रम अन्तर्गत तपशिलको स्पेशिफिकेसन अनुसारको रबर ट्र्याकवाला कम्वाईन हार्भेष्टर 1 थान र चारचक्के राईस ट्रान्सपलाण्टर १ थान खरिद गर्नु पर्ने भएको हुँदा ईच्छुक सप्लायर्सले निम्नानुसारको स्पेशिफिकेसन अनुसारको सामाग्रीको शिलबन्दी दररेट यो सूचना प्रकाशन भएको 30 औँ दिन मिति-2081/11/25 गते भित्र यस श्री ग्रासल्याण्ड एग्रो फर्म प्रा.लि., कचनकवल गा.पा. 6, झापामा पेश गर्न आव्हान गरिन्छ ।

**तपशिलः**

**1. रबर ट्र्याकवाला कम्वाईन हार्भेष्टर**

| S.N | Name of Farm Machineries | Technical Specification |
|---|---|---|
| | **Combine Harvester (Rubber Track)** | |
| 1 | **Type** | Self Propelled combine harvester |
| 2 | **Engine Specifications** | |
| | Power | Minimum 88 HP, Diesel engine, Liquid -cooled |
| | RPM | 2400-2600 |
| | Fuel Tank Capacity | 140 Litres or more |
| | Fuel Consumption | 7-10 litres per hour |
| | Power System | Hydraulic gearbox with minimum 45cc hydrostatic transmission(HST) ensuring smooth operation |
| 3 | **Track** | |
| | Width of Track | 400-600mm |
| | Track Material | High Strength rubber reinforced with steel belts |
| | Ground Clearance | Minimum 350mm |
| 4 | **Harvesting Features** | |
| | Cutting Width | At least 2100mm |
| | Threshing Mechanism | Axial Flow Threshing System |
| | Grain Tank Capacity | At least 1.4 m3 |
| | Cutting Height | Max. 700mm, Adjustable |
| | Unloading Speed | 20-50 litres/second |
| | Grain loss Rate | Equal or less than 1.5% |
| 5 | **Other Features** | |
| | Steering System | Hydraulic |
| | Gear | Min. 3 Forward and 1 Reverse |
| | Drive System | Rubber Track for stability |
| | Straw Walker | Axial Flow Threshing System with vibrating sieves and centrifugal fan for separation constructed with durable Material |
| | Reel | Spring-type finger reel with PVC bush |
| | Threshing Efficiency | more than 98% |
| | Operating Speed | 4-6 km/Hr |
| | Residue Management | Straw chopper and Spreader |
| | Cabin | Semi enclosed, Digital display for monitoring |
| | Lighting | Led or Halogen for nighttime operation |
| | Work efficiency | 0.3 -1.5 Hec/ Hr |
| | Crop Adapted | Rice, Multicrop |
| 6 | **Machine Dimensions** | |
| | Length | Around 4-5.5 metres |
| | Width | Approx. 2.5- 3 metres |
| | Height | Approx. 2.5-3 metres |

**2. चारचक्के राईस ट्रान्सपलाण्टर**

| **Rice Planter (4 Wheeler)** | |
|---|---|
| **Type** | 4 Wheel self- propelled rice Transplanter |
| Engine Power | Minimum 20 HP |
| Engine Type | Diesel Powered Engine |
| Drive | Four- Wheel drive |
| Planting Mechanism | |
| Planting rows | Minimum 6 rows |
| Row Spacing | Adjustable row spacing typically ranging from 120mm to 250mm |
| Planting Depth | Adjustable ,Between 2-5 cm |
| Seedling Type | Mat-type seedling( Nursery trays) |
| **Rice Nursery Tray Capacity** | |
| Tray Capacity | Minimum 10 Trays |
| **Transmission** | |
| Type | Automatic transmission with a gear system to adjust planting speed and work effiency |
| Speed | 2-4 Km/Hr depending on soil conditions and Planting Density |
| **Fuel capacity** | |
| Tank | 20-30 Litres |
| **Tyre Type** | Metal cage wheel Specially designed for paddy fields to prevent the machine from sinking ensuring smooth navigation through flooded field |
| **Machine Dimensions** | |
| Length | Around 2-3 metres |
| Width | Approx. 1.5-2 metres |
| Height | Typically around 1.2-1.5 metres |

नोटः 1. कोटेशन पेश गर्दा मुल्य अभिवृद्धि कर (VAT) सहितको मूल्य, कम्पनीको नाम, ब्राण्ड, मोडल नं. एच.पी. स्पेशिफिकेसन स्पष्ट खुलाउनु पर्ने छ ।

2. सामाग्री ग्रासल्याण्ड एग्रो फर्म प्रा.लि., कचनकवल गा.पा.-6, झापा सम्म ढुवानी, जडान, तालिम गर्दाको सर्त र अवधि समेत उल्लेख गर्नु पर्नेछ ।साथै सामाग्रीको ग्यारेन्टी वारेन्टी ट्रेड मार्क समेतको पत्र खुलाई पेश गर्नुपर्नेछ ।

3. शिलबन्दी दररेट कोटेशन अनुसार जुन कम्पनी र ब्राण्डको मोडल नं. र एच.पी. को मेसिनरी औजार उपकरण पेश गरि छनौट भई स्वीकृत भएको छ त्यही कम्पनी र ब्राण्डको मोडल नं. र एच.पी. को मेसिनरी औजार उपकरण हुनुपर्नेछ ।

4. शिलबन्दी दररेट कोटेशन छनौट सम्बन्धि अन्तिम निर्णय ग्रासल्याण्ड एग्रो फर्म प्रा.लि. मा निहित रहनेछ ।

5. शिलबन्दी दररेट यस ग्रासल्याण्ड एग्रो फर्म प्रा.लि., कचनकवल गा.पा.-6, झापामा बुझाउनु पर्नेछ ।

6. कम्पनीको डिस्टीब्युटर अथोराईजेशन लेटर, पर्फमेन्स लेटर, कम्पनी नविकरण गरिएका आदि कागजात बुझाउनु पर्नेछ ।

7. शिलबन्दी दररेट पेश गर्ने सप्लायर्स प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, झापामा सुचिकृत भएको हुनु पर्नेछ ।

**थप जानकारीका लागि सम्पर्क खडग नारायण राजवंशी (प्रोपाईटर) फोन नं. 9849075873/9817954572**

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# आगलागीबाट बचौं र बचाऔं

यस वर्ष हिउँदमा पानी नपरेका कारण  सुख्खा बढेको छ । सुख्खामा आगलागी हुने खतरा रहन्छ ।  झापामा लगातार आगलागी भइनै रहेका छन् । गर्मीको मौसम सुरुपछि आगलागीका घटनाहरु हुन सक्ने भएकाले सचेत हुन जरुरी छ । बर्षेनि आगलागीका घटनाहरुले करोडौंको क्षति हुने गरेको छ । त्यसैले आगलागी हुन नदिन र भइहाले पनि कसरी निभाउने भन्ने कुरामा सतर्क हुन जरुरी छ ।
गर्मीसंगै वन जंगलमा समेत आगलागी हुने सम्भाबना बढ्दै गएको छ । हरेक बर्ष गर्मीयाममा डढेलोकै कारण वन जंगल सखाप हुदै गएको छ । बढ्दो सुख्खापनाले डढेलो लागेर वन जंगल र ब्यक्तिगत सम्पत्तिको क्षति हुँदै आएको छ ।
डढेलो सुरु भएपछि मात्रै सचेत हुन अगाबै विशेष योजनाका साथ अगाडी बढ्न नसकेकै कारण हरेक वर्ष आगलागीबाट धेरै धनजनको क्षति हुँदै आएको छ । हरेक वर्ष डढेलोबाट १५ लाख देखि २० लाख हेक्टरसम्म वन क्षेत्रको नोक्सानी हुँदै आएको छ ।

आगलागीबाट वन्यजन्तु, बनस्पती र बोटबिरुवामा क्षति हुँदै आएको छ । बहुमूल्य जैविक विविधता र सम्पदाहरु नासिदै गएका छन । हरेक नागरिकले आगलागीलाई आफ्नै समस्या ठानेर नियन्त्रण गर्न अग्रसर हुन आवश्यक  छ । साधन, स्रोत र दक्ष जनशक्तिको निर्माण गरी आगलागीबाट हुन नसक्ने क्षतिलाई बेलैमा नियन्त्रण गर्न सकिने गरी अगाडी बढ्न जरुरी छ । सामुदायिक वन उपभोक्ता समूह, अभियानकर्मी, संरक्षणविद्को साथ लिएर आगलागी नियन्त्रणका लागि साझा अभियान सञ्चालन गर्न आवश्यक छ । जलवायु परिवर्तनका कारण पृथ्वीको बढ्दो तापमानले पनि डढेलोको समस्या थप बिकराल बन्दै गएको छ ।
विश्वव्यापी रूपमै विकराल समस्या बनिरहेको डढेलो नियन्त्रणमा सरकारले नयाँ तरिकाले सोच्न आवश्यक छ । आगलागी घटना न्यूनीकरणका लागि सर्वसाधारणलाई नै सचेत गराउन आवश्यक छ । अग्नि नियन्त्रण गर्न सामुदायिक वनका कर्मचारी, उपभोक्ताहरु सबैलाई तालिम दिएर दक्ष बनाउन आवश्यक छ ।

आगलागी हुन नदिन र भइहालेमा पनि समयमै सहज रुपमा नियन्त्रण गर्न सकिने गरी ब्यबस्था गर्नुका साथै हरियो वन नेपालको धन वन जंगललाई बचाउन जरुरी छ । आगलागीबाट बचौं र बचाऔं भन्ने चेतनाको विकास गर्न आवश्यक छ ।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# पाठेघरको मुखको क्यान्सर र खोप अभियान



• डा.प्रकाश बुढाथोकी

महिलामा देखिने पाठेघरको मुखको क्यान्सर नेपालमा दोस्रो नम्बरमा पर्छ । पहिलो स्तन क्यान्सर हो । पाठेघरको क्यान्सरबाट दैनिक छ जना पीडित हुन्छन् भन्ने त्यसमध्ये चार जनाको मृत्यु हुन्छ । विकसित देशमा महिलामा हुने क्यान्सरको करिब छ प्रतिशत छ भने नेपालमा यो रोग क्यान्सरमध्ये करिब १५ प्रतिशत रहेको छ । विकसित देशमा भने जनचेतना तथा समयमा हुने प्रभावकारी स्क्रिनिङ कार्यक्रमको कारणले यो रोग निकै कम हुँदै गएको छ ।

पाठेघर (गर्भाशय) को मुखमा असामान्य परिवर्तन हुन गई त्यहाँका कोष-कोषिकामा अनावश्यक तथा अनियन्त्रित रूपले वृद्धि भएर गिर्खा वा घाउ बन्छ । शरीरको अन्य भागमा समेत फैलिन सक्ने गर्भाशयको मुखमा बनेको यस्ता गिर्खा वा घाउलाई पाठेघरको मुखको क्यान्सर भनिन्छ ।

**प्रमुख कारण**

जुनसुकै उमेरमा लाग्न सक्ने यो रोग, कम उमेरमा लागेमा बढी खतरा हुन्छ । क्यान्सरको ९५ प्रतिशत ४०-५० वर्ष उमेर समूहमा देखिने गरेको छ । नेपाल जस्तो राष्ट्रमा स्क्रि निङ कार्यक्रमको अभाव तथा ढिलो एवं फैलिइसकेको अवस्थामा मात्र उपचारका लागि आउने बिरामीको व्यवहार, रुग्ण आर्थिक अवस्था र अशिक्षा मूल रूपमा जिम्मेवार रही मृत्युको मुख्य कारण बनेको छ । पाठेघरको मुखको क्यान्सर शारिरीक वा यौनसम्पर्कमा छालाबाट छालामार्फत एकअर्कामा सर्ने भाइरस एचपिभीसँग सम्बन्धित पाइन्छ । करिब दुई सय प्रकारका एचपिभीमा १३ प्रकारकाले मात्र क्यान्सर निम्त्याउँछन् । एसियामा ८३ प्रतिशत पाठेघरको मुखको क्यान्सर एचपिभी १६ र १८ को सङ्क्रमणले भएको देखिन्छ भने नेपालमा ९० प्रतिशत ।

कलिलै (१८ वर्षभन्दा कम) उमेरमा विवाह, कलिलै उमेरमा यौनसम्पर्क, कम उमेरमा बच्चा जन्माउने तथा दुईभन्दा बढी पुरुषसँग यौनसम्पर्क भएका वेश्यावृत्तिमा लागेका तथा बहुविवाह भएका महिला तथा पुरुषका धेरै यौनसाथी भएका जोखिममा पर्छन् । त्यस्तै छिटो छिटो समयमा र बढी सन्तान जन्माएका महिला, खानपिनमा ध्यान नदिने तथा कुपोषण भएका महिला, ४० वर्ष उमेर कटेका, मोटोपना, रोगसँग लड्ने क्षमता कम भएका, पहिलेको प्यापस्मेयर खराब भएका, यौन रोग तथा गुप्ताङ्गका दीर्घरोगको उपचार नगर्ने, एचपिभी, हरपिस भाइरसको र अन्य यौन सङ्क्रमण भएका महिला तथा पाँच वर्षभन्दा लामो समयसम्म गर्भनिरोधक चक्की प्रयोग गरिरहे, मोटोपना, शारीरिक निष्क्रियता र धूमपानी भए सम्भावना बढेर आउँछ ।

**लक्षण**

क्यान्सरको सुरुको अवस्थामा परीक्षणको क्रममा मात्र फेला पर्छ । असामान्य रूपमा योनिबाट रक्तश्राव हुने ९० प्रतिशतमा पाठेघरमा क्यान्सर हो । महिनावारी सुकिसकेका महिलामा योनिबाट रगत देखिनु क्यान्सरको लक्षण हुन सक्छ ।

क्यान्सर बढ्दै गएपछि गुप्ताङ्गबाट गन्हाउने तथा रगत मिसिएको अस्वाभाविक तरल पदार्थ बग्छ । यौनसंसर्गमा बढी पीडा हुन्छ तथा पछि वा लगत्तै रगत देखिन सक्छ । महिनावारीको बिचबिचमा, महिनावारी नभएको समयमा पनि योनिबाट रगत देखिन सक्छ । महिनाबारी हुँदा धेरै दिनसम्म वा बढी मात्रामा रगत बग्छ । लामो रक्तश्रावका कारण रक्तअल्पता हुन्छ ।

रोग ज्यादै फैलिएको अवस्थामा पानी बग्ने, कम्मर दुख्ने, तल्लो पेट दुख्ने, सुन्निने र हावा भरिए जस्तो हुने, मूत्र त्यागपछि मूत्रासयमा पीडा र गाह्रो अनुभव, खुट्टा सुन्निने, दिसापिसाबमा रगत देखा पर्ने र दिसापिसाबमा अप्ठ्यारो र शारीरिक तौल अस्वाभाविक बढ्ने वा घट्ने जस्ता लक्षण हुन सक्छ । यो क्यान्सर पनि अरू क्यान्सर जस्तै पाठेघरमा सुरु भएर शरीरको अन्य भागमा फैलिन सक्छ ।

**निदान**

विशेषज्ञबाट नियमित रूपले आफ्नो पाठेघर तथा प्रजनन अङ्गको परीक्षण गराउनु पर्छ । नियमित प्याप स्मेर, एचपिभी डिएनएलगायतका परीक्षण गराउनु पर्छ । व्यवस्थित पूर्वपरीक्षण स्क्रिनिङ कार्यक्रमलाई स्त्री रोग परीक्षणको अभिन्न भागका रूपमा हेरिनु पर्छ । रोग निदानका लागि प्रभावित भागबाट मासुको सानो टुक्रा निकाली वायोप्सी जाँच्न पठाइन्छ र क्यान्सर लागेको टुङ्गो लाग्छ । कोन वायोप्सी तथा कल्पोस्कपिक बायोप्सी इत्यादि उपाय पनि छन् ।

**उपचार**

सुरुकै अवस्थामा पत्ता लगाई उपचार गरेमा पाठेघरको मुखको क्यान्सर निको पार्न सकिन्छ । रोगको प्रकृति, फैलावटको अवस्था आदिमा उपचारको प्रभावकारिता र परिणाम निर्भर गर्छ । उपचारमा बिरामीको स्थिति र रोगको प्रकृतिको आधारमा चिकित्सकले एक वा दुवै रेडियोथेरापी वा शल्यक्रिया वा संयुक्त रूपमा प्रयोग हुन्छ । पौष्टिक आहार, बिरामीको स्याहारसुसार तथा पारिवारिक स्नेहको पनि रोगको फैलावट र निकोमा महत्व रहन्छ ।

**रोकथाम**

जनचेतनाका साथै किशोरीमा खोप र ३० देखि ४९ वर्ष उमेरका महिलामा स्क्रिनिङ नै रोकथामा खम्बा हुन् ।

**एचपिभी खोप अभियान**

ह्युमन प्यापिलोमा भाइरस पुरुषको शरीरमा सुषुप्तावस्थामा रहन्छ । यस्तो पुरुषसँग सम्बन्ध बनाउने महिलाको शरीरमा भाइरस पाठेघर मुखको क्यान्सरको कारण हुन सक्छ । किशोरीमा रोकथामका लागि सन् २००६ देखि विश्वका १४५ बढी मुलुकमा प्रचलनमा रहेको खोपले एचपिभी ६,११,१६ र १८ विरुद्ध लड्न सक्ने क्षमता दिन्छ । नेपालमा राष्ट्रिय खोप सल्लाहकार समितिको असोज २३ को बेठकले मन्त्रालयलाई सिफारिस गरेको थियो जस्का आधारमा कात्तिक ८ मा खोप दिने निर्णय भएको थियो ।

संघीय सरकारले माघ २२ देखि फागुन ६ गतेसम्म देशैभरका १६ लाख ८८ हजार ७६८ जना किशोरीलाई कक्षा ६ देखी १० मा अध्ययनरत छात्रालाई विद्यालय परिचयपत्र तथा १० देखि १४ वर्ष उमेरका किशोरीलाई उमेर खुल्ने कागजात हेरेर एचपिभी खोप लगाउँदै छ । विद्यालय केन्द्रित खोप भएकाले १८ हजार नौ सय विद्यालय र आठ हजार दुई खोप केन्द्रबाट २७ हजार स्वास्थ्यकर्मी, सुपरीवेक्षक १५ हजार ६७५ र स्वयंसेवक ५४ हजार १६० बढी परिचालन हुँदै छन् । खोप खरिद, तयारी र अभियानमा गाभी र नेपाल सरकारको संयुक्त लगानी छ । एचपिभी खोप अभियानका लागि खरिद गरिएको खोप चिनियाँ कम्पनी इनोभ्याक्सद्वारा उत्पादित सिकोलिन ब्रान्डको हो र एक मात्रा लगाए पुग्छ ।

**पार्श्वप्रभाव**

विश्व स्वास्थ्य सङ्गठनले प्रमाणित सन् २००६ देखि प्रयोगमा आएको विश्वमा १४५ देशले प्रयोग गरिरहेका छन् भने एक मात्रा खोप ४६ देशमा छ । औषधी व्यवस्था विभागले समेत अनुमति दिएको यस खोपको ठुलो पार्श्वप्रभाव छैन । सुई लगाएको ठाउँमा दुख्ने, सुन्निने, रातो हुने, ज्वरो आउने, टाउको दुख्ने, जिउ दुख्ने, रिँगटा लाग्ने, मांसपेसी दुख्ने, चक्कर लाग्ने, पेट दुख्ने, वाक्वाकी लाग्ने, बान्ता हुने जस्ता पार्श्वप्रभाव हजारौँमध्ये केहीमा देखिन सक्छ । केही दिनमा आफैँ निको हुने भएकाले आत्तिन पर्दैन । खोप रजस्वला भएका बेलामा पनि लगाउन सकिन्छ ।

**कसले नलगाउने**

विगतमा एचपिभी खोप लगाइसकेका, विद्यालय नजाने १० वर्षमुनिका र १४ वर्षमाथिका किशोरी, गर्भवती, सक्रिय बिरामी-ज्वरो, पहिला कुनै खोप लगाउँदा एलर्जी भएकाले खोप लगाउन हुँदैन ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले राष्ट्रिय खोप कार्यक्रम तथा एचपिभी खोप अभियानलाई प्रभावकारी बनाउन अभिनेत्री एवं समाजसेवी मनिषा कोइरालालाई समझदारीपत्रमा सम्झौता गर्दै २०८१ माघ १६ गते दुई वर्षका लागि सद्भावना दूत पनि घोषणा गरेको छ ।

सन् २०३० सम्ममा पाठेघरको मुखको क्यान्सर निवारण गर्न तथा जनस्वास्थ्य समस्याबाट हटाउन ९०- ९०-९० को लक्ष्य लिएर रणनीतिक कार्यनीति बनाएको छ । पहिलो ९० भनेको १० देखि १४ वर्ष उमेरभित्रका किशोरीलाई खोप दिने, दोस्रो ९० भनेको ३० देखि ४९ वर्ष उमेरका महिलाको क्यान्सरको स्क्रिनिङ वा परीक्षण हो भने तेस्रो ९० निदान भएका महिलामध्ये ९० प्रतिशतको उपचार गर्ने हो ।

बालिकाहरूको सक्रिय यौन जीवन सुरु हुनुभन्दा अघि नै अर्थात् १० देखि १४ वर्ष उमेरको बिचमा यो खोप दिइनु उत्तम छ । सरकारले हरेक वर्ष फागुन महिनालाई नसर्ने रोगभित्र क्यान्सर स्क्रि निङ टेस्ट चलाउँदै छ । जसमा कम्तीमा पाँच लाख महिलाको पाठेघरको मुखको परीक्षण गर्ने लक्ष्य छ । सरकारका हरेक कार्यक्रम र अभियानमा होस्टेमा हैँसे गर्दै कोही नछुटौँ कोही न दोहिरियौँ ।

# संसद्को गरिमा राख्ने दायित्व



• डा.शोभाकर पराजुली

प्रजातान्त्रिक शासन व्यवस्थामा संसद् एउटा त्यस्तो निकाय हो, जसले राष्ट्रको कार्यकारी निकाय अर्थात् सरकारको वैधता निर्धारण गर्छ । संसद्ले विश्वास नदिए सरकार टिक्दैन । प्रजातान्त्रिक शासन व्यवस्थामा हरेक सरकार संसद्प्रति उत्तरदायी हुनु पर्छ । यस्तोमा सरकारले संसद् चलाउँछ कि संसद्ले सरकार ? भन्ने प्रश्न निरन्तर रहन्छन् । खासमा यही शक्ति सन्तुलन अर्थात् शक्ति पृथकीकरणको एउटा अङ्ग नै संसद् हो ।
संसद् भनेको जनताका आवाज मुखरित गर्ने थलो हो । जनताले निर्वाचनमार्फत चुनेका प्रतिनिधिले जनताकै मुद्दाबारे सरकारलाई खबरदारी गर्ने र जनहितमा ऐन, कानुन निर्माण गर्ने थलो नै संसद् हो । लोकतन्त्रको एउटा उत्कृष्ट अभ्यास चुनाव हो । त्यसमार्फत जनताले आफ्ना प्रतिनिधि रोजेर पठाउँछन् । नेपालले राजनीतिलाई संसदीय संरचना र संसदीय सर्वोच्चतालाई स्वीकार गरिएको शासकीय प्रणाली अपनाएको छ दशकभन्दा धेरै भइसकेको छ । यहाँको राजनीति संस्कारले संसदीय सर्वोच्चतालाई साँचो हृदयले आत्मसात् गर्न नसक्दा त्यसको प्रभावकारिता आमनागरिकले महसुस गर्न सकेका छैनन् ।
नेपालमा पहिलो पटक २०१५ सालमा आमनिर्वाचन भयो । राणा शासन अन्त्यपछि नेपाली कांग्रेसले नै एउटा सार्वभौम संसद् को माग अघि सारेको थियो । यद्यपि त्यो बेला 'क्रान्तिकारी' हरूले संविधान सभा गठन हुनुपर्ने बताउँदै आएका थिए । राणासँगको सम्झौतापछि राणा-कांग्रेसको संयुक्त सरकार बन्यो । त्यो अन्तरिम सरकार पनि संविधान सभा बनाउने कि संसदीय निर्वाचन गर्ने भन्ने अलमलमै बित्यो । यो अलमलका आठ वर्षपछि अन्ततः २०१५ साल फागुन ७ मा पहिलो पटक संसदीय निर्वाचन घोषणा भयो । नेपालको शासकीय राजनीतिक इतिहासमा यो पहिलो चुनाव ४५ दिनसम्म चलेको थियो ।
२०१६ असार १६ गते मध्यरातमा मात्रै संसद्को पहिलो बैठक बोलाइएको थियो । नेपालमा संसदीय राजनीतिको यो पहिलो कोसेढुङ्गा थियो । तथापि यो संसद्ले आफ्नो पूरै कार्यकाल काम गर्न पाएन । संसदीय अभ्यास तंग्रिन पनि नपाउँदै १८ महिनापछि राजा महेन्द्रले संसद् र संसद्बाटै निर्वाचित सरकारमाथि प्रतिबन्ध लगाए । जनताको प्रजातान्त्रिक थलो खोसियो । जननिर्वाचित प्रधानमन्त्री अनि देशका गन्यमान्य नेताहरूलाई पनि राजाले जेल हाले । त्यसपछिका करिब ३० वर्ष राजाले ल्याएको त्यही पञ्चायती व्यवस्थासँगै लड्नमा बिते । त्यो बेला पनि पञ्चायती भारद्वारहरूको पञ्चायती सभा त हुन्थे तर ती अधिकार खोसिएका जनताका लागि कुनै कामका थिएनन् । पञ्चको काम दरबार रिझाएर जनतामाथि शासन गर्नमै सीमित थियो ।
२०४६ सालको जनआन्दोलनपछि फेरि संसद् पुनर्स्थापित भयो । २०४८ सालमा संसदीय निर्वाचन भयो । त्यसपछिका संसद् पनि धेरै खलबलिए । बहुदलीय शासन व्यवस्था भएका कारण न संसद् स्थिर भयो न सरकार नै । पटक पटक फेरिने सरकारले नै संसद् लाई पटक पटक बिथोल्ने अनि बराल्ने काम गरे । २०५२ सालपछि २०६२-६३ सम्म कुनै पनि संसद्ले आफ्नो पूरा कार्यकाल काम गर्न सकेनन् । यो वा त्यो बहानामा कहिले संसद् भङ्ग गरियो । कहिले बिथोलियो । माओवादी युद्धका बेला २०५९ सालमा त फेरि राजाले 'कु' गरे । फेरि महेन्द्रकै शैलीमा जनताका अधिकार खोसिए र राजनीतिक दलहरूमाथि एक प्रकारको प्रतिबन्ध लाग्यो ।
फेरि अर्को जनआन्दोलन भयो । यो बेला पनि नेपाली कांग्रेसले संसद् पुनर्स्थापनालाई आफ्नो बटमलाइन बनाएको थियो । खास गरी तत्कालीन कांग्रेसका सभापति तथा आन्दोलनका कमान्डर गिरिजाप्रसाद कोइरालाले संसद् पुनर्स्थापनाको अडान लिनुभएको थियो । त्यही अनुसार सबै संसदीय दलहरू मिलेर जनआन्दोलनको नेतृत्व लिए र जेठ ११ गते राजा ज्ञानेन्द्रले संसद्सहित जनताका सारा अधिकारहरू फिर्ता गरे ।
एउटा बहुदलीय लोकतान्त्रिक राष्ट्रमा संसद् को शक्ति कति हुन्छ भन्ने कुरा नेपालका हरेक संसद्ले गतिला उदाहरण पेस गरेका छन् । यो त्यही संसद् थियो, जसले राजतन्त्र अन्त्य भएको घोषणा गरेको थियो । राजा र राजसंस्थाको शताब्दीयौँको विरासत यही संसद्ले अन्त्य गरिदिएको थियो । त्यति मात्रै होइन हतियार उठाएर सत्ता कब्जाको सपना बोकेर युद्धमा हिँडेको माओवादीलाई पनि यही संसदीय राजनीतिले नै राजनीतिको यो बाटोमा ल्याइदियो ।
त्यसपछि २०६४ साल र २०७० सालमा संविधान सभा निर्वाचन भयो । यो संविधान सभाले २०७२ सालमा संविधान जारी गऱ्यो र त्यसपछि २०७४ सालमा करिब २० वर्षपछि नेपालमा पनि फेरि संसदीय चुनाव भयो । यो बेला देशमा गणतन्त्र आइसकेको थियो । शासकीय पद्धति पनि परिवर्तन भइसकेको थियो र मुलुक संघीयतामा गइसकेको थियो । स्थानीय तह र प्रदेशदेखि संघसम्मको निर्वाचन निकै उत्साहप्रद रह्यो । लोकतन्त्रमा जनताले आफैँ प्रत्यक्ष नभए पनि आफ्ना प्रतिनिधिमार्फत नीतिगत तहमै आफ्नो प्रतिनिधित्व महसुस गरेका हुन्छन् । जनताबाट चुनिएर आएका प्रतिनिधिले नै जनतालाई महसुस हुने गरी काम नगर्दा नयाँ आमनागरिकमा अब संसद्प्रति नै भरोसा निकै कम भएको मान्न सकिन्छ । यसरी सरसर्ती सामान्य भाषामा बुझ्ने हो भने संसद् भनेको लोकतन्त्र निखार्ने एउटा प्रतिनिधि थलो पनि हो । जहाँ बसेर प्रतिनिधिले सरकारलाई खबरदारी गर्न सक्छन् । जनताको जीवनसँग गाँसिने र उनीहरूलाई महसुस हुने गरी ऐन, कानुन बनाउन सक्छन् ।
बिस्तारै हाम्रा सांसदले भने लोकतन्त्रको यो उच्चतम परिभाषा बोकेको थलो संसद्को मान्यतालाई नै बिथोल्न थालेका छन् । 'भोट हाल्नका लागि हाल्दिएको' भनेर नागरिकले पनि वास्ता गर्दैनन् । बहुदलीय व्यवस्थासँगै नेपालमा हरेक संसद्को कार्यकाल कुनै न कुनै विवाद वा आपत्कालमै गुज्रिएका इतिहास छन् । संसद्मा पनि सांसदले आफ्नो संसदीय मर्यादा जोगाइराख्न सकेनन् । न संसदीय दलहरूले आफ्ना विधि र मान्यताको नै ख्याल गरे । धन्न न्यायालयले त्यसलाई रोक्दै संसद् विघटनको परिकल्पनामा समेत रोक लगाइदियो ।
संसदीय मर्यादा, मान्यता, मर्म र संसदीय अभ्यासको विश्वव्यापी नियम र प्रचलनलाई हाम्रा संसादहरूले आत्मसात् गरेको देखिँदैन । यसबाट राजनीतिक दलहरूप्रति नागरिकको भरोसा र विश्वास कम हुँदै जान्छ र बिस्तारै देशको सिङ्गो शासन व्यवस्थामाथि नै निराशा पैदा हुन्छ । एउटा व्यवस्था कमजोर हुनु वा त्यो व्यवस्था फेल हुनु भनेको एक प्रकारले राष्ट्र असफल हुन पनि हो । त्यो भनेको हाम्रा शासकको असक्षमता हो ।
एउटा दलले अर्को दलको विरोधमा वा सामान्य विषयमा पनि संसद्को बैठक अवरुद्ध हुँदा त्यसले कति क्षति पुऱ्याउँछ भन्ने कुनै गणितीय हिसाब हुँदैन । त्यसको असर भने जनताको दीर्घ जीवनमा निकै नकारात्मक तरिकाले परिरहेको हुन्छ । एकातिर संसदीय दल र संसदीय अभ्यासप्रति आमजनताको भरोसा टुट्दै जान्छ । जनताको जीवनलाई सम्बोधन गर्ने नीति, ऐन, कानुन निर्माण अवरुद्ध भइरहेका हुन्छन् । संसद अवरुद्ध हुँदा वा त्यसको नियमितता बिथोलिँदा सरकारलाई खबर गर्ने थलो हुँदैन र सरकार एकाङ्की हुन जान्छ ।

संसद् भनेको शक्ति पृथकीकरणको एउटा अभिन्न अङ्ग पनि हो । संसद्बिना सरकार निरङ्कुश हुँदै जान्छ र शासकीय महत्वाकांक्षा नकारात्मकतातिर बढ्दै जान्छन् । प्रतिपक्षले आफ्ना कुरा राख्न पाउँदैनन् । जनताका समस्या सुनाउने थलोको अभाव हुन जान्छ । एक प्रकारले संसद् बिथोलिँदा सारा जनताको आशा र भरोसा पनि बिथोलिइरहेको हुन्छ । हरेक शासन प्रणालीका आआफ्नै गुण र दोष रहन्छन् । जुनसुकै व्यवस्थामा पनि त्यसका सकारात्मक अनि नकारात्मक पक्ष रहन्छन् । त्यसैले शासन प्रणाली एक प्रकारले भन्ने हो भने एक साधन मात्रै हो यो साध्य होइन । हरेक व्यवस्थाको एक मात्रै उद्देश्य भनेको समुन्नत नेपाल निर्माण गर्ने समृद्धि हो । जनभावनाको कदर, लोकतन्त्र र यसका अवयवको संरक्षण गर्ने हो । जनताको सार्वभौम भावना बोकेको लोकतान्त्रिक थलो संसद्को गरिमा उचो बनाउने जिम्मेवारी सांसदको हो । संसद् अवरुद्ध गर्ने क्रियाकलाप गरेर आफ्नै मर्यादा घटाउने काम नगरौँ । संसद्लाई जनताको भलाइ हुने कानुन निर्माणमा उपयोग गरौँ ।

# "साहित्य, कला र संगीतप्रति स्थानीय सरकारको बेवास्ता"



• केशव भट्टराई

साहित्य संगीत कलाविहीन :
साक्षात् पशु पुच्छविषाणहीन :
तृणम् नखादन्नपि जीवमान :
तद्भागधेयम् परमम् पशूनाम :

संस्कृतको यो पंक्तिले साहित्य, संगीत र कलाविहीन मानवको परिकल्पना गरेको छैन। जीवनको कुनै न कुनै खण्डमा मान्छे कवि हुन्छ ,गीत गुनगुनाउँछ, उसमा भएको कलालाई पनि प्रस्तुत गर्दछ । यसैलाई विधा बनाएर शिक्षा, साधना र निरन्तरता दिनेहरूको त आफ्नै विशिष्ट स्थान रहेकै छ।

साहित्य, संगीत र कलालाई मानव विकासको मेरुदण्ड मानिन्छ। यसले मानिसलाई भावनात्मक रुपमा संवेदनशील र सहृदयी बनाउँदछ। जसका कारण मानिसलाई व्यक्तिगत स्वार्थभन्दा अझ माथि उठेर समाजका लागि योगदान गर्न उत्प्रेरित गर्दछ। हाम्रो जस्तो भाषा, धर्म, भूगोल र संस्कृतिको विविधताभित्र पसेर सामाजिक एकता र आपसी समझदारीको सेतु निर्माण गर्न पनि साहित्य, संगीत र कलाले अहम् भूमिका निभाइरहेको हुन्छ।

साहित्यले चिन्तनशीलता बढाउँदछ, संगीतले हृदय र मस्तिष्कलाई शान्त पार्दछ र कलाले सृजनशीलतालाई प्रोत्साहन गर्दछ। यसले समाजलाई नविन विचार र समाधानतर्फ अग्रसर गराइरहन्छ।

साहित्य र कलाकै माध्यमद्वारा समाजमा विद्यमान अन्याय, असमानता र समस्याहरुलाई उजागर गरेर सुधारतर्फ लैजान सहयोग पुर्याउँदै सामाजिक चेतनामा अभिवृद्धि गरिरहेको हुन्छ। संगीत र साहित्यले समाजमा मानवीय मूल्य, नैतिकता र व्यवहारिक ज्ञानको स्थापनामा ठूलो योगदान गर्दछ।

यदि मानवले साहित्य कला र संगीतभित्र रहेको यी मर्महरूलाई बेवास्ता गर्यो भने मानिस केवल आफ्नो भौतिक आवश्यकतामा सीमित हुनेछ जसले समाजलाई सांस्कृतिक दृष्टिले कमजोर बनाउँदछ।

त्यसकारण साहित्य, संगीत र कलालाई मानव जीवन र समाजको अभिन्न अङ्ग मान्दै मानिसलाई सभ्य र संस्कारित बनाउने प्रमुख कारकको रुपमा परिभाषित गर्न सकिन्छ।

नेपालको संघीय शासन प्रणालीमा तीन तहको सरकारको संरचना रहेको छ।

तीनवटै तहलाई संविधानले विशिष्ट भूमिका र जिम्मेवारी पनि प्रदान गरेको छ। संघीय सरकारबाट पञ्चायतकालीन समयदेखि नै भाषा, साहित्य, कला र संगीतको सम्बर्द्धनका लागि प्रज्ञा प्रतिष्ठान क्रियाशील नै थियो। प्रदेश सरकारहरूले पनि यसको गठन गरेकै छन्। कतिपय प्रदेशमा यो प्रतिष्ठानको औचित्यपूर्ण गतिशीलतालाई मुखरित गर्नुपर्ने आवश्यकता भने देखिन्छ ।

तर सरकारकै स्वरूप र संरचनामा गठित भएका स्थानीय तहहरूले साहित्य, कला र संगीत क्षेत्रलाई नजरअन्दाज गरिरहेका छन् ।

देशभरमै एकाध बाहेक स्थानीय सरकारले आफू मातहतमा यो प्रतिष्ठानलाई निर्माण गर्न नसकिरहेको र नचाहिरहेको विद्यमान अवस्था छ।

स्थानीय सरकार शासन ऐन २०७४ (स्थानीय सरकार सञ्चालन ऐन ) मा कला, साहित्य, संगीत र सांस्कृतिक प्रतिष्ठानहरूको सन्दर्भमा विभिन्न प्रावधानहरु समावेश गरिएका छन् । यस प्रकारका प्रतिष्ठानहरूको स्थापना, सञ्चालन र व्यवस्थापनसम्बन्धी जिम्मेवारी स्थानीय तहलाई प्रदान गरिएको छ। झापा जिल्लामा रहेका १५ वटा स्थानीय तहमध्ये दमक नगरपालिकाले सबैभन्दा पहिले पहिलो कार्यकालमै ऐन बमोजिम प्रतिष्ठान गठन गर्यो। त्यसका लागि दमक नगरपालिका धन्य छ। त्यसबाहेक शिवसताक्षी र भद्रपुर नगरमा पनि नगर सरकार स्तरीय साहित्यकला प्रतिष्ठान गठन भएका छन्। प्रदेशकै हकमा अन्य जिल्लामा पनि एकाध बाहेक स्थानीय सरकारले यो विषयमा पहलकदमी देखाएका छैनन् । संविधानले निर्दिष्ट गरेको संरचना र ऐन कानुनलाई टेकेर स्थानीय सरकार सञ्चालनको अनुभव संगालेको पनि आठ वर्ष बितिसकेको छ। यति लामो समयावधिमा पनि साहित्य, कला , संगीत र संस्कृतिको जगेर्नामा हाम्रा जनप्रतिनिधिहरुले गम्भीरता देखाउन नसकिरहेको विषय दुखद छ। अधिकांश जनप्रतिनिधिमा ऐन र नियमावलीको दफा र बुँदाहरूमा भएका कानुनी प्रावधानको अनभिज्ञता देखिने गरेको छ।

स्वयं जनप्रतिनिधिले प्रज्ञा प्रतिष्ठान वा साहित्यिक कला प्रतिष्ठानको स्थापना गर्ने महत्वपूर्ण कार्यमा निष्क्रियता र अनभिज्ञता देखाउनु समाज विकलाङ्गको कारक बन्न सक्दछ। स्थानीय नेतृत्वले साहित्य कला प्रतिष्ठान जस्ता संस्थाहरूको आवश्यकता महसुस नगर्नु वा यसबारे कम जानकारी हुनु सांस्कृतिक चेतनाको अभाव हो। कतिपय जनप्रतिनिधिमा 'तत्काल लाभ दिन सक्ने काम होइन' भन्ने बुझाइ पनि हुनसक्छ । तर यस्ता प्राज्ञिक निकायले समग्र समाज विकासमा दर्बिलो टेवा दिन्छन् भन्ने बुझ्नु चाहिँ जरुरी छ। झापाकै हकमा पनि दमक नगरमा गठित प्रज्ञा प्रतिष्ठानको ऐन नियमावली र कार्यविधि जिल्ला र जिल्ला बाहिरका धेरै स्थानीय तहमा सन्दर्भ सामग्रीका रुपमा पुर्याइएको थियो। तर यो विषय प्राथमिकतामा पर्न सकिरहेको छैन ।निर्णय गर्ने जिम्मेवार अधिकारीको बीचमा समन्वयको कमी, बजेटको सीमितता, इच्छाशक्तिको अभाव, स्रोत नभएको बहाना बनाई साहित्यिक सांस्कृतिक क्षेत्रमा लगानी नगर्ने प्रवृत्ति र कमजोर जनदबाब हामीले खोजेको प्रतिफलको अवरोधका कारक हुन सक्छन् ।

स्थानीय सरकारले साहित्य कला र संगीत जस्ता विषयलाई बेवास्ता गर्दा नेतृत्व र स्वयं सरकारको भूमिका अपूर्ण रहन्छ । संविधानले कल्पना गरेको समग्रता र समाजको सांस्कृतिक उत्थानमा बाधा पुर्याउँदछ। प्राज्ञिक क्षेत्रलाई समुचित सम्बोधन गरेको अवस्थामा मात्रै स्थानीय तह सशक्त प्रभावकारी र जनउत्तरदायी देखिन सक्छ ।

# ठूलो मात्रामा गाँजा बरामद, ब्राउनसुगरसहित माझी पक्राउ






झापा(प्रस) । सुनसरीमा ठूलो मात्रामा गाँजा बरामद भएको छ ।

बिहीवार साँझ ६.२० बजे इटहरी १७ कान्छी चोकमा चतराबाट इटहरीतर्फ मोड्दै गरेको बा २ च ३४६५ नं को टाटा सफारी गाडीलाई ट्राफिक समेतको संयुक्त प्रहरी टोलीले रोक्न खोज्दा गाडी नरोकी जबर्जस्ती पेलेर अगाडि बढाएको थियो । त्यसपछि डिउटीमा रहेका प्रहरीले पिछा गर्दा सो गाडीलाई भाटभटेनीभन्दा केहि अगाडि उत्तर साईडमा छाडेर चालक फरार भएका थिए । गाडिमा प्लाष्टिकले बेरिएको ८ पोका गाँजा अर्थात २३० के.जी. १५० ग्राम गाँजा फेला परेको छ ।

त्यस्तै बिहीवार बिहान ६:४५ बजे देबानगञ्ज गाउँपालिका ७ मध्यबर्षाही हुँदै नेपालबाट भारततर्फ जाँदै गरेको एचआर७० इ ९५०२ नम्बरको स्कोरपियोगाडीर प्रदेश २-०३-००९ प ०९७ नम्बरको मोटरसाइकलसहित गाडीमा सवार देबानगञ्ज १ बस्ने ५६ वर्षीय सहदेब मेहता पक्राउ परेका छन् । उक्त गाडी नेपाल प्रहरीले चेकजाँच गर्ने क्रममा गाडीभित्र लुकाएको अबस्थामा १४ बोरा गाँजा फेला परेको थियो । त्यस्तै बिहीवार साँझ ५:४० बजे देवानगञ्जकै वडा नं -४ यादव टोलमा सशस्त्र प्रहरीको गस्ती टोलीले एक बोरा गाँजा बरामद गरेको छ । बोरामा प्याक गरी मोटरसाइकलमा लोड गरिरहेको अवस्थामा प्रहरी पुगेपछि मोटरसाइकल छोडेर भारततर्फ फरार भएका थिए । उक्त बोरा खोली हेर्दा करिब ३८ केजी गाँजा बरामद भएको प्रहरीले जनाएको छ ।

यता झापा कन्काईका एक युवक लागूऔषधसहित पक्राउ परेका छन् । बिहीवार राति ८:३० बजे कन्काई नगरपालिका वडा नं. ४ त्रिवेणी टोलमा लागूऔषध बेचबिखन भइरहेको भन्ने सूचनाको आधारमा इलाका प्रहरी कार्यालय सुरुङगाका इन्चार्ज प्रहरी वरिष्ठ नायव निरीक्षक राधाकृष्ण दाहालको नेतृत्वमा प्रहरी टोली खसटएको थियो ।

टोलीले सोही ठाउँ बस्ने बर्ष ३१ का डम्बरबहादुर माझीलाई चेकजाँच गर्दा उनको साथबाट प्लाष्टिकसहित १ ग्राम ७०० मिलिग्राम ब्राउनसुगर फेला परेको छ । उनलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय बिर्तामोडमा राखिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

त्यस्तै बिहीवार दिउँसो २.३० बजे बिराटनगर- १६ हुलास चोकमा भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका उर्लाबारी ७ बस्ने २० वर्षीय अमन मिया लागूऔषधसहित पक्राउ परेका छन् । उनको साथबाट खैरो ४.१८ ग्राम ब्राउनसुगर फेला परेको छ ।

# उपभोक्ता अदालत गठन



झापा(प्रस)। सरकारले उपभोक्ता संरक्षण ऐन, २०७५ कार्यान्वयनमा आएको छ वर्षपछि उपभोक्ता अदालत गठन गरेको छ । मन्त्रिपरिषद्को बैठकले उपभोक्ता अदालत गठन गर्ने निर्णय गरेको जानकारी सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले जानकारी दिएका हुन् । सरकारले उपत्यका (काठमाडौँ, ललितपुर र भक्तपुर) का उपभोक्तासम्बन्धी मुद्दा हेर्ने गरी उपभोक्ता अदालत गठन गर्ने निर्णय गरेको हो । उपभोक्ता अदालतका विषयमा दुई वर्ष पहिले सर्वोच्च अदालतले परमादेश र अन्तरिम आदेश जारी गरेको थियो भने विभिन्न मुद्दामा सरकारलाई निर्देशनात्मक आदेश दिँदै आएको थियो । काठमाडौँ जिल्ला अदालतमा रहने उपभोक्ता अदालतले उपभोक्ता संरक्षण ऐनबमोजिमका कसुरका मुद्दा, उपभोक्तालाई हानि पुगेको हकमा क्षतिपूर्ति मुद्दा, सरकारले तोकेका उपभोक्ता हित सरोकारका अन्य मुद्दा हेर्ने छ ।

उक्त अदालतमा काठमाडौँ जिल्ला अदालतका न्यायाधीश रामप्रसाद शर्मासहित तीन न्यायाधीश रहने छन् । उक्त अदालतको सदस्यमा सर्वोच्च अदालतका उपरजिस्ट्रार गेहेन्द्रराज रेग्मी रहने छन् । सरकारले गत कात्तिकमा न्यायपरिषद्ले रामप्रसाद शर्मालाई अध्यक्ष तोकेर उपभोक्ता अदालत गठनको सिफारिस गरेको थियो । यस अदालतले तीन थरीको मुद्दा हेर्ने छ । पहिलो, उपभोक्ताको क्षतिपूर्ति, दोस्रोमा उपभोक्ताविरुद्धको कसुर (तीन वर्षभन्दा बढी कैद हुने) र तेस्रोमा वस्तु र सेवासँग जोडिएका मुद्दा, जसलाई अन्य मुद्दा भनेर राजपत्रमा प्रकाशित हुने छ । कुनै पनि व्यापारीले कमसल वस्तु बिक्री गर्ने, झुक्याएर न्यूनस्तरको वस्तुलाई उच्चस्तरको वस्तु भन्ने, कुनै वस्तुको उपभोग गर्दा स्वास्थ्य प्रतिकूल असर पर्ने कार्य गर्ने, मूल्यमा मनोमानी गर्नेमाथि अदालतले छानबिन गरी अनियमितता गर्नेलाई क्षतिपूर्ति भराउने व्यवस्था छ ।

# उजुरीको हदम्याद ९० दिन पुऱ्याउने प्रस्ताव

झापा(प्रस) । नेपाल कानुन आयोगले महिलामाथि हुने साइबर अपराधमा उजुरीको हदम्याद ९० दिन पुऱ्याउने प्रस्ताव गरेको छ । हाल महिलामाथि हुने साइबर अपराधबारे ३५ दिनभित्र उजुरी दिइसक्नुपर्ने व्यवस्था छ । यसलाई बढाएर ९० दिन पुऱ्याउने गरी ऐन बनाउने प्रस्ताव कानुन आयोगको छ । विद्युतीय (इलोक्ट्रोनिक) कारोबार ऐन २०६३ को दफा ७४ मा उजुरी गर्ने हदम्याद सम्बन्धी व्यवस्था छ । उपदफा १ मा भनिएको छ, 'यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमको उल्लंघन भएकोमा वा यो ऐन बमोजिम कसूर ठहर्ने कुनै कुरा भएकोमा त्यस्तो उल्लंघन वा कसूर भए गरेको थाहा पाएको मितिले ३५ दिनभित्र उजुर गर्नु पर्नेछ ।' यसलाई बदलेर ९० दिने पुऱ्याउने आयोगको प्रस्ताव छ । आयोगले यसका लागि यौनजन्य हिंसाविरुद्धका केही नेपाल ऐन संशोधन विधेयक तयार पारेर कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाएको छ ।

प्रस्तावित विधेयकको दफा २ मा विद्युतीय कारोबार ऐन २०६३ को दफा ७४ मा रहेको हदम्याद सम्बन्धी व्यवस्थालाई बदल्ने प्रस्ताव गरिएको हो । जहाँ भनिएको छ, 'दफा ४७ को उपदफा (३) बमोजिमको कसूरमा त्यस्तो कसूर भए गरेको थाहा पाएको मितिले नब्बे दिनभित्र र यस ऐन बमोजिम अन्य कसूर ठहर्ने कुनै कार्य भएकोमा वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको उल्लंघन भएकोमा त्यस्तो कसूर भए गरेको वा उल्लंघन भएको थाहा पाएको मितिले पैंतीस दिनभित्र उजूर गर्नु पर्नेछ ।' प्रस्तावित विधेयकले प्रचलित ऐनको दफा ४७ को उपदफा (३) मा पनि संशोधन प्रस्ताव गरेको छ । जहाँ भनिएको छ, 'कम्प्युटर, इन्टरनेट लगायतका विद्युतीय माध्यमबाट महिलालाई जिस्क्याउने, हैरानी गर्ने, अपमान गर्ने वा यस्तै अन्य कुनै किसिमको अमर्यादित कार्य गर्ने वा गर्न लगाउने व्यक्तिलाई एक लाख रुपैयाँसम्म जरिबाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।'

अर्थात, कसैले कम्प्युटर, इन्टरनेट लगायतका विद्युतीय माध्यमबाट महिलालाई जिस्क्याउने, हैरानी गर्ने, अपमान गर्ने गरेको खण्डमा एक लाख रुपैयाँसम्म जरिबाना वा पाँच वर्षसम्म कैद वा दुवै सजाय हुन्छ । यस्तो कसूरमा उजुरी दिने हदम्याद ९० दिन पुऱ्याउने प्रस्तावित व्यवस्था छ ।

# न्यु स्टार सुनसरी फाइनलमा




बिर्तामोड(प्रस) । मिलन राईको ह्याट्रिकको मद्दतमा सुनसरीको न्यु स्टार एफसी झापाको बुद्धशान्तिस्थित जयपुरमा जारी आठौँ संस्करणको नव ज्योति च्यालेन्ज कप फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ । शुक्रवार भएको पहिलो सेमिफाइनल खेलमा मोरङ कानेपोखरीको नव प्रगति समाजसेवा क्लबलाई ४-१ गोल अन्तरले हराउँदै न्यु स्टार उपाधिनजिक पुगेको हो ।मिलनले ह्याट्रिक पूरा गर्ने क्रममा खेलको ३८ औँ, पहिलो हाफको इन्ज्युरी र ५२ औँ मिनेटमा गोल गरे । त्यस्तै, खेलको ७३ औँ मिनेटमा सुशील राईले एक गोल थपे । दुवै टोलीले उत्कृष्ट मुभहरु बनाए पनि मोरङको फिनिसिङ कमजोर देखिएको थियो । मोरङका लागि दोस्रो हाफमा मैदान प्रवेश गरेका अस्बिन राईले ६३ औँ मिनेटमा सान्त्वना गोल फर्काए ।

खेलको प्लेयर अफ द म्याच तीन गोलकर्ता मिलन राई भए । उनले नगद ७ हजार र ट्रफी पाए ।

प्रतियोगिताअन्तर्गत शनिवार अन्तिम सेमिफाइनल खेल आयोजक नव ज्योति युथ क्लब र काठमाडौँको प्लानिङ ब्वाइजबीच हुने क्लबका उपाध्यक्ष भरत खतिवडाले जानकारी दिए ।

क्लबका अध्यक्ष गोपाल पोखरेलका अनुसार प्रतियोगिताको विजेताले नगद दुई लाख २५ हजार र उपविजेता टिमले नगद एक लाख २५ हजार, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् । त्यस्तै, प्रतियोगिताको उत्कृष्ट गोलकिप्पर, सर्वाधिक गोलकर्ता र उदीयमान खेलाडीले नगद १० हजार तथा सर्वोत्कृष्ट खेलाडीले नगद १५ हजार रुपैयाँ पाउने छन् ।

सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा,
अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे :<br>९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१८ | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

**मेष** विद्या र बुद्धिको विकास हुनेछ । पारिवारिक भेटघाटमा रमाइन्छ ।

**वृष** धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । माया प्रेममा आत्मियताको बढोत्तरी हुनेछ ।

**मिथुन** मनमा हर्ष, उमङ्ग र उत्साह रहला । रमाइलो यात्राको योग रहेको छ ।

**कर्कट** आज पहेँलो रङ्गको पहिर गर्नाले विभिन्न समस्याबाट जोगाउन सक्छ ।

**सिंह** आज अरुलाई प्रभावित पारेर काम बन्नेछ । रोकिएको धन हात पर्ला ।

**कन्या** कला र गलाको प्रभाव बढ्नेछ । प्रेमीको सहयोग प्राप्त हुनेछ ।

**तुला** न्यायिक कार्यमा सफलता मिल्नेछ । आँटेको र ताकेको कार्य पुरा होला ।

**वृश्चिक** आज रोकिएको अधुरो कार्यले पूर्णता पाउनेछ । शुभकार्यको चर्चा चल्नेछ ।

**धनु** आज शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** आज टाउको एवं आँखा दुख्ने समस्या बढ्न सक्छ । मालसामान पनि हराउन सक्छ

**कुम्भ** आज धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । कला र गलाको प्रभाव बढ्नेछ ।

**मिन** अध्ययनअध्यापनको क्षेत्रमा प्रगतिको खबर सुन्न पाउनु हुनेछ ।